स्वीकृत मिति:-२०७९|०८|१६

# पाटन नगरपालिकाको
# बाल विवाह अन्त्यका लागि
# रणनीति
# २०७९

पाटन नगरपालिका,

बैतडी

सुदुरपश्चिम प्रदेश नेपाल

नगर प्रमुख

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन, बैतडी
सुदूरपश्चिम प्रदेश नेपाल

## मन्तब्य

बालविवाह एक हानिकारक अभ्यास हो जसले बालबालिकाको बाल्यकाल र शिक्षाको अधिकार खोस्छ। यसले उनीहरूलाई विभिन्न शारीरिक र भावनात्मक स्वास्थ्य समस्याहरूको लागि जोखिममा पनि राख्दछ; गरिबी र असमानताको चक्रलाई निरन्तरता दिन सक्छ । नेपालको संबिधान र मुलुकी देवानी संहिता ऐन २०७४ मा भएको व्यवस्था अनुसार २० वर्ष उमेर नपुगी गरिएको विवाहलाई बालविवाहको रुपमा परिभाषित गरेको छ भने २० वर्ष नपुगी गरिएका विवाह स्वतः खारेज हुने व्यवस्था छ ।

पाटन नगरपालिकाले बालविवाह जस्तो हानिकारक प्रचलन न्यूनिकरण गर्न **बाल विवाह अन्यका लागि रणनीति २०७९** तयार परेको छ । यस रणनीतिलाई सफल कार्यानव्यन गर्न नगरपालिका, कार्यपालिका, सामुदायिक अगुवा नेताहरू, धार्मिक व्यक्तित्वहरु, स्वास्थ्यकर्मी, स्थानीय संघ-संस्था लगायत सबै नगरबासीहरु को अहम भूमिका रहन्छ । बैतडी जिल्लामा बालविवाह अन्त्य गर्ने हाम्रो रणनीतिको अन्तिम दस्तावेज प्रस्तुत गर्न पाउँदा म अत्यन्तै खुसी छु। यस रणनीतिले बालबालिका र किशोर किशोरी र तिनका परिवारहरूलाई विवाहको बारेमा सूचित निर्णयहरू गर्न, बालविवाहको प्रथालाई अस्वीकार गर्न, शिक्षित र सशक्तिकरण गर्न, हामीले लिने विशेष कार्यहरूको रूपरेखा यस योजनाले प्रस्तुत गरेको छ। यस रणनीतिलाई बार्षिक नीति तथा कार्यक्रममा समावेश गर्न आवश्यक देखिन्छ ।

अन्त्यमा, यस नगरपालिकाले यूनएफपीएको प्राबिधिक सहयोगमा वाल विवाह सम्बन्धि रणनीति तयार पारेको छ । यस रणनीतिको विकासमा संलग्न हुने सबैलाई धन्यवाद दिन चाहन्छु र यसलाई कार्यान्वयन गर्न सबैलाई साथ दिन म आह्वान पनि गर्दछु। बालविवाहको जस्तो हानिकारक प्रथाबाट मुक्त भएर हाम्रा बालबालिका तथा किशोर-किशोरीहरु को उज्ज्वल भविष्य सृजना गर्नका लागि पाटन नगरपालिका प्रदिबद्द छ ।

धन्यवाद।

२०८०/१०/२३

**गौरी सिंह रावल** मेयर

नगर प्रमुख

फोन नं.०९५-४०००५७ E-mail : ptnmun@gmail.com Website : www.patanmun.gov.np

१. प्रस्तावना
२. अर्न्तराष्ट्रिय प्रतिबद्धता
३. राष्ट्रिय  नीति तथा कानून
४. बाल विवाहको अवस्था पाटन नगरपालिको कानुनी अवस्था, नीति, रणनीति एवं योजनाहरु
५. रणनीतिको औचित्य
६. रणनीतिका सिद्धान्तहरु
७. रणनीति तर्जुमा प्रक्रिया
८. रणनीतिको दुरदृष्टि
९. रणनीतिको ध्येय
१०. रणनीतिको लक्ष्य
११. रणनीतिका उद्देश्यहरु
१२. रणनीति तथा कार्यनीति
१३. रणनीतिका अपेक्षित उपलब्धिहरु
१४. अनुगमन र मूल्यांकलन
१५. संस्थागत संरचना
१६. रणनीति कार्यान्वयनका लागि सरोकारवालाको भुमिका
१७. सहकार्य तथा समन्वय

मेयर

## १. प्रस्तावना

नेपालको संविधानको धारा ३९ को उपधारा (५) मा बालविवाह गर्न गराउन नपाइने व्यवस्था उल्लेख भएको छ। मुलुकी देवानी संहिता ऐन २०७४ मा २० वर्ष उमेर नपुगी गरिएको विवाहलाई बालविवाहको रुपमा परिभाषित गरेको छ भने २० वर्ष नपुगी गरिएका विवाह स्वत: खारेज हुने व्यवस्था छ। बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ मा समेत बालविवाह रोक्न विकासका साझेदार निकाय र सरकारको सहकार्यमा समुदाय स्तरमा संघसंस्था परिचालन गर्ने, उजुरी दर्तामा सक्रियता देखाउने, कारवाहीको व्यवस्था मिलाउने तथा विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ। दिगो विकासका लक्ष्यहरु (२०१६-३०) मा बालविवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समावेश गरिएको छ। सन् २०३० सम्ममा बालविवाहको अन्त्य गर्न तय गरिएको राष्ट्रिय रणनीति २०७२ को कार्यान्वयनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय लगायत नेपाल सरकारका ११ मन्त्रालय, राष्ट्रिय योजना आयोग, महान्यायाधिवक्ताको कार्यालय तथा नागरिक समाजको प्रभावकारी भूमिकाको अपेक्षा गरिएको छ।

सार्कसँग आबद्ध रहेको "बालबालिकामाथि हुने हिंसा विरुद्धको दक्षिण एशियाली पहल" (SAIEVAC) को एक रणनीतिक कार्यक्षेत्र बालविवाह विरुद्धको प्रयास पनि हो। यसले सार्क मुलुकहरुमा "बाल विवाह अन्त्यका लागि क्षेत्रीय कार्ययोजना (२०१५–२०१८)" (Regional Action Plan to End Child Marriage in South Asia-(2015-2018) तयार गरी राष्ट्रिय संयन्त्रमार्फत बालविवाह विरुद्धमा आफ्ना प्रयासहरु केन्द्रित गरेको छ। उक्त रणनीति अनुकूल नेपाल सरकारले २०७१ साल कार्तिकमा "बालविवाह अन्त्य गर्न कानूनको प्रयोग गरी जवाफदेहिता वृद्धि" विषयक सार्कस्तरीय गोष्ठी आयोजना गरी "दक्षिण एशियाबाट बाल विवाह अन्त्य गर्नको लागि काठमाण्डौं आह्वान" (Kathmandu Call for Action to End Child Marriage in South Asia) पारित गरिएको थियो।

बालमैत्री एवम् लैङ्गिक समानतायुक्त समाजको निर्माण गर्ने दिशामा योगदान पुऱ्याउने परिकल्पनाका साथ २०८७ सम्ममा बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ जारी भएको छ। यस रणनीतिमा बालिका र किशोरीको सशक्तीकरण शीर्षक अन्तर्गत राष्ट्रियदेखि स्थानीय स्तर सम्मका सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच समन्वय गरी विवाहित र अविवाहित बालबालिका विशेषगरी विद्यालयबाहिर रहेका बालिका र उनीहरुको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरुको पहिचान गरी उनीहरुको पहुँच सुनिश्चित गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ। रणनीतिले बालविवाहमुक्त स्थानीय निकायको अभियान सञ्चालन गर्ने योजना अघि सारेको छ। यसअनुरुप बालविवाहमुक्त स्थानीय तह घोषणा गर्ने कार्यको थालनी पनि भएको देखिन्छ।

नेपाली समाजमा बाल विवाह गर्ने प्रचलन खस आर्यमा मात्रै सीमित नभई सम्पूर्णमा रहेको देखिन्छ। यो प्रथाले तराई र सुदूरपश्चिमका दलित तथा अन्य समूदायलाई पनि गहिरो प्रभाव पारेको छ। विशेषत: सुदुरपश्चिमका दलित समुदायमा बाल विवाह गर्ने प्रथा अझै पनि बढी छ। शारीरिक र मानसिक रुपमा परिवर्तन हुने उमेरमा बालबालिकाहरु वैवाहिक बन्धनमा बाँधिन पुग्दछन्। यसको असर किशोरीहरुमा प्रत्यक्ष रुपमा देखिएको छ। सानो उमेरमा विवाह गर्नाले यौन दूर्व्यवहार, अशिक्षा, कमजोर स्वास्थ्य, लैगिंक हिंसा, जनसंख्या वृद्धि आदि समस्याहरु हुन्छन्। अन्धविश्वास कुरिती, देखासिखी, आधुनिक प्रबिधीको प्रभावका कारणले गर्दा हुने बाल विवाहका कारण किशोरकिशोरीहरुको विद्यालय शिक्षा पुरा हुन सक्दैन। यस सन्दर्भमा हिन्दु धर्मशास्त्रको महानग्रन्थ ऋख बेदले पनि बाल बिवाहलाई निरुत्साहन गरेको देखिन्छ। उक्त ग्रन्थका अनुसार कुनै पनि केटा वा केटीको बैबाहिक उमेर २४ बर्ष भन्दा माथी गर्नू पर्ने कुरा बताएको छ। सो उमेर भन्दा कम उमेर तथा विवाहका लागी राजी नभएको केटा केटीको बिवाह गर्नु हुदैन। कुनै पनि केटा केटीको बिवाह तिनीहरुको ईच्छा बिपरित गरिएमा जीवन सुखि नहुने कुरा पनि प्रस्ट गरिएको छ।[1]

बाल विवाहका कारण धेरै मुलुकहरु न्यून पोषण, प्रतिकुल स्वास्थ्य परिणाम, उच्च जन्म दर तथा मातृशिशु मृत्यु दर, न्यून शैक्षिक दर, औपचारिक श्रम बजारमा महिलाको न्यून सहभागिता, आर्थिक उत्पादकत्वमा कमि, बढ्दो घरेलु तथा

[1] ऋषबेदको मण्डल ३ सूत्र ५५ मन्त्र १६

मेयर

लैंगिक हिंसाका दुष्परिणामहरु भोग्न बाध्य छन् ।[2] बाल विवाह सम्बन्धि एक अध्ययनले विश्वभर हुने बाल विवाहको ५० प्रतिशत दक्षिण एशियामै मात्र हुने गरेको र यो स्थिति कायम रहेमा विकासशील राष्ट्रहरुलाई दिगो विकास लक्ष्य पूरा गर्ने समय २०३० सम्म पुग्न अर्बौ डलरको आर्थिक मुल्य चुकाउनु पर्ने अवस्था रहेको देखिएको छ ।[3]

नेपालमा बालविवाहबारे बिभिन्न अध्ययनले फरकफरक तथ्याकं प्रस्तुत गरेको पाइन्छ । बाल विवाह अत्यधिक हुने विश्वका मुलुकहरुमा नेपाल १६औं स्थानमा रहेकोछ[4] भने दक्षिण एशियामा बगंलादेश र भारत पछि तेश्रो स्थानमा रहेको छ ।[5] नेपालमा ३६.६ प्रतिहत बालिकाहरुको १८ बर्ष र १०.४ प्रतिशत बालिकाहरुको १५ बर्ष उमेर नपुग्दै विवाह हुने गरेको एक अध्ययन प्रतिबेदनले औंल्याएको र सो प्रतिबेदन अनुसार उमेर नपुग्दै विवाह हुने बालकहरुको संख्या भने १० प्रतिशत रहेकोछ ।[6] केन्द्रिय तथ्याकं विभागको पपुलेसन मोनोग्राफ (सन् २०१४ भाग २ सामाजिक जनसाख्यिकी) मा १० देखि १८ बर्ष उमेर समूहका बालबालिकामध्ये २६.३ प्रतिशत बालबालिकाको बालविवाह भएको उल्लेख भएकोमा नेपाल बहु क्षेत्रिय क्लष्टर सर्भेक्षण, २०७६ मा २० देखि २४ बर्ष उमेर समूहका बिबाहित व्यक्तिहरुमध्ये १५ बर्ष मुनिका ५.२ प्रतिशत (बालक १.५% र बालिका ७.९%) र १८ बर्ष मुनिका २२.७ प्रतिशत (बालक ९% र बालिका ३२.८%) को विवाह भएको उल्लेख भएको छ । सो प्रतिबेदन अनुसार १५ देखि १९ बर्ष उमेर समूहका व्यक्तिहरुमध्ये १२.८ प्रतिशत (पुरुष ५.३% र महिला १९.३%) बिबाहित पाइएका छ ।

कानुनी ब्यबस्थालाई नियालेर हेर्दा सन् १८५४ (वि.सं.१९१०) को मुलुकी ऐनमा पनि विवाहकालागि केटीको न्यूनतम उमेर पाँच वर्ष तोकिएको थियो । उक्त ऐनको विहावारीको महलमा रहेका धारा तत्कालीन समाजको प्रचलन मानिन्छ ।[7] सन् १९६३ (वि.सं १९१०) को मुलुकी ऐनमा विवाह गर्न स्त्रीको १४ र पुरुषको १८ वर्ष उमेर तोकिएको थियो । नेपालको मुलुकी ऐन २०२० को पछिल्लो संशोधन २०७४ अनुसार विवाहको लागी कानुनी उमेर २० बर्ष तोकिएको छ । नेपालको संबैधानिक इतिहासमा हालै मात्र जारी भएको नेपालको संबिधान २०७२ ले बाल विवाहलाई पहिलो पटक बालअधिकार हननको बिषयको रुपमा उल्लेख गरि दण्डनिय अपराधको रुपमा स्वीकार गरेको छ ।

बालकको तुलनामा संख्यात्मक रुपमा बढी बालिकाको विवाह १८ बर्ष नपुग्दै हुने गरेको अध्ययनबाट देखिएको छ । यसो हुनुमा महिला भन्दा पुरुषको उमेर सामान्यतया बढि हुनु पर्ने सामाजिक एबं साँस्कृतिक मान्यता, लैगिक बिभेद, गरिबी, अशिक्षा, असुरक्षा जस्ता कारणहरु प्रमुख रुपमा देखिएका छन ।

बाल विवाहले बालबालिकाहरुलाई आधारभुत अधिकारबाट बञ्चित मात्र गराउदैन उनीहरु आफ्नो भविष्यको छनौट गर्ने अधिकार तथा सो सम्बन्धमा निर्णय लिने प्रकृयामा सहभागी हुने अबसरबाट पनि बञ्चित हुन्छन् । बिशेष गरि बालिका र महिलाको सन्दर्भमा बाल विवाहले एउटा मात्रै अधिकारको उल्लंघन नगरी उनीहरुको जीवन चक्रमा थुप्रै अधिकार उलंघनको श्रृखला सृजना गरि थप हिंसाको कूचक्रमा पर्ने अबस्था रहन्छ । बाल विवाहको कारण बैबाहिक जीवन दिगो नहुने, परिपक्क नभई सन्तान जन्माउदा स्वास्थ्य सम्बन्धि बिभिन्न समस्याहरु देखिने, लैगिक हिंसा, यौन जन्य हिंसा, बालश्रम, बेचबिखन जस्ता थप हिंसाहरुले बालिका र महिलाहरु थप प्रताडित हुन पुग्दछन । कालान्तरमा समाज विकास प्रकृयामा महिलाहरुको भुमिका र सहभागीतालाई न्युन बनाई सभ्य, सुसंस्कृत एंव समतामुलक समाज निर्माण गर्न बाल विवाह बाधक तत्व बन्न पुग्दछ ।

## २. अर्न्तराष्टिय प्रतिबद्धता

---

[2] Bill & Melinda Gates Foundation, Children's Investment Fund Foundation, Global Partnership for Education, International Center for Research on Women (ICRW) and the World Bank, Economic Impacts of Child Marriage: Global Synthesis Report, Conference Edition, June 27, 2017. www.costsofchildmarriage.org

[3] http://www.worldbank.org/en/news/press-release/2017/06/26/child-marriage-will-cost-developing-countries-trillions-of-dollars-by-2030-says-world-bankicrw-report

[4] https://www.girlsnotbrides.org/child-marriage/nepal/

[5] बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२

[6] https://www.unicef.org/nepal/media/401/file/Ending%20Child%20Marriage%20in%20Nepal.pdfhttps:// www.girlsnotbrides.org/child-marriage/nepal/

[7] बिवाहको ऐतिहासिक पृष्ठभुमि दस्तावेज



मेयर

विश्वव्यापी स्तरमा समाजमा विद्यमान हानिकारक अभ्यासहरु रहेका छन् । जसले समाजलाई विकासको मार्गमा अगाडी बढ्न तगारोको काम गरी रहेको छ । ती हानिकारक अभ्यासहरु उन्मुलन गर्न बिभिन्न अन्तरराष्ट्रिय कानूनी व्यवस्थाहरु गरिएका छन ।

- समाजमा विद्यमान हानिकारक प्रचलहरु सहस्राब्दी विकास लक्ष्य (MDGs) को प्राप्तिका लागि एक बाधकको रुपमा पहिचान गरी दिगो विकासका लक्ष्यहरूको कार्यसूची (SDGs) (२०१६–२०३०) मा समेत हानिकारक प्रचलन अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समाबेश गरिएको छ,
- महिलामाथि हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने महासन्धि १९७९, CEDAW (Convention on the Elimination of All Forms of Discrimination Against Women),
- नागरिक तथा राजनैतिक अधिकारका लागि अन्तर्राष्ट्रिय आलेख, १९६६,
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय आलेख, १९६६,
- यातना विरुद्धको महासन्धि, १९८४,
- जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना, १९९४ (Program of Action adopted at the International Conference on Population and Development, 1994),
- चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ्ग घोषणा र सम्बद्ध कार्ययोजना (Beijing Deceleration and Platform for Action),
- सन् २०१३ मा बाल विवाह, कम उमेरमा हुन विवाह तथा जबरजस्ती हुने विवाह सम्बन्धी संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिको संकल्प प्रस्ताव (Human Rights Council Resolution on Child, Early and Forced Marriage) लाई नेपाल सरकारले सह-प्रायोजन गरी बाल विवाह विरुद्ध प्रतिवद्धता,
- सन् २०१४ को जुलाई २२ मा बेलायतमा भएको बाल विवाह, कम उमेरमा गरिने विवाह र जबरजस्ती हुने विवाह तथा महिलाको योनिच्छेदन विरुद्धको उच्चस्तरीय शिखर सम्मेलनमा नेपाल सरकारले सन् २०२० सम्ममा नेपालबाट बाल विवाहको अन्त्य गर्न प्रयास गर्ने प्रतिबद्धता,
- बाल विवाह विरुद्धको प्रयास सार्कसंग आबद्ध रहेको "बालबालिका उपर हुने हिंसा विरुद्धको दक्षिण एशियाली पहल" (SAIEVAC) को एक रणनीतिक कार्यक्षेत्र पनि हो । यसले सार्क मुलुकहरुमा "बाल विवाह अन्त्यका लागि क्षेत्रीय कार्य योजना (२०१५–२०१८)" (Regional Action Plan to End Child Marriage in South Asia (2015-2018) तयार गरी राष्ट्रिय संयन्त्र (National Mechanism) मार्फत बाल विवाह विरुद्धमा आफना प्रयासहरु केन्द्रित गरेको छ ।
- यसका साथै उक्त रणनीतिलाई परिपालना गर्दै नेपाल सरकारको नेतृत्वमा नोभेम्बर ७, २०१४ मा "बाल विवाह अन्त्य गर्न कानुनको प्रयोग गरी जबाफदेहिता बृद्धि" विषयक सार्कस्तरीय गोष्ठी आयोजना गरी "दक्षिण एशियाबाट बाल विवाह अन्त्य गर्नको लागि काठमाडौं आव्हान" (Kathmandu Call for Action to End Child Marriage in South Asia) पनि पारित गरिएको छ ।
- CRC बाल अधिकार महासन्धि (Child Rights Convention)
- भुण हत्या र एसिड आक्रमण सम्बन्धि कानुनी व्यवस्था (Legal Provision on Abortion and Acid act)

## ३. राष्ट्रिय नीति तथा कानून

### ३.१ नेपालको संविधान २०७२

नेपाल को संविधान २०७२ भाग ३ मा गरीएको मौलिक हक र कर्तव्य मा रहेका घाराहरुले विद्यमान हानीकारक प्रचलनहरु लाई न्युनीकरण गर्न मार्गचित्र प्रसस्त गरेको छ । धारा ३९ को उपधारा ५ ले बालविवाह सम्बन्धि व्यवस्था गरेको छ जसमा "कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक गर्न पाइने छैन" भन्ने कुरा स्पष्ट लेखिएको छ ।

### ३.२ राष्ट्रिय र स्थानीय कानुनी व्यवस्थाहरु

- मूलुकि अपराध संहिता ऐन, २०७४
- पन्धौ योजना (२०७६/७७-२०८०/८१)
- मानवअधिकार सम्बन्धि पाचौ. राष्ट्रिय कार्ययोजना (२०७७/७८-२०८१/८२)
- सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५
- बालबालिका सम्बन्धि ऐन २०७५
- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन २०७६
- बालबालिका संबन्धि राष्ट्रिय नीति २०६९
- समग्र राष्ट्रिय कार्ययोजना, २०७०/७१ देखि २०७४/०७५
- बाल विवाह विरुद्धको रणनीति, २०७२
- अपागंता भएका व्यक्तिहरुको अधिकार संबन्धि ऐन, २०७५
- घरेलु हिंसा र कसुर सजाय ऐन, २०६६
- छाउपडि प्रथा उनमूलन निर्देशिका, २०६४
- बोक्सीको आरोप सम्बन्धि कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७२
- सुदूरपश्चिम प्रदेशको "सानै छु बढ्न देउ, बालविवाह हैन पढ्न देउ" कार्यक्रम
- सुदूरपश्चिम प्रदेश लैगिंक समानता तथा सामाजिक समावेशीकरण नीति २०७९
- पाटन नगरपालिकाको लैगिंक समानता तथा समावेशीकरण नीति २०७८
- पाटन नगरपालिकाको हानिकारक अभ्यास उन्मुलन नीति २०७८

### ४. बाल विवाहको अवस्था

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्बेक्षण, २०१६ (NDHS 2016) मा उल्लेख भए अनुसार  नेपालमा महिलाहरु पुरुष भन्दा अलि चाडै उमेरमा विवाह गर्दछन्। नेपालमा २५ देखि ४९ बर्षका महिलाहरुको पहिलो विवाहको मध्यक (मिडियन) उमेर १७.९ बर्ष छ भने सोही उमेरका पुरुषहरुको पहिलो विवाह गर्ने मध्यक उमेर २१.७ बर्ष छ। शिक्षा हासिल नगरेका महिलाहरु एस.एल.सी. वा सो भन्दा बढी शिक्षा हासिल गरेका महिलाहरु भन्दा ४.६ बर्ष अगाडि नै विवाह गर्दछन् ( शिक्षा हासिल नगरेका १६.८ बर्षमा र एस.एल.सी. वा सो भन्दा बढी शिक्षा हासिल गरेकाको २१.४ बर्षमा)। आधा भन्दा बढी जसो (५२%) महिलाहरु १८ बर्षको उमेरमा नै विवाह गर्छन् जबकि ५ पुरुषहरुमा १ (१९%) ले मात्र १८ बर्षमा विवाह गर्छन्।

नेपालमा बाल विवाहको दर बिकास क्षेत्र बसोबास क्षेत्र आर्थिक, समाजिक अबस्था जातजाती, धर्म समुदाय तथा शैक्षिक अबस्थाको बिबिधता र अन्य भिन्नताहरुको आधारमा फरक फरक रहेको छ। शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा महिलाहरुको सामान्यतया कम उमेरमा विवाह हुने पाइएको छ। राष्ट्र संघीय जनसंख्या कोष (UNFPA) का अनुसार ग्रामीण क्षेत्रमा बसोबास गर्ने मध्ये ४३ प्रतिशत र शहरमा बस्ने मध्ये २७ प्रतिशत महिलाले १८ बर्ष नपुग्दै बिहे गर्दछन। अशिक्षा र कम आय स्रोत भएका परिवारका बालिकाहरु बाल विवाहको बढि जोखिममा रहेका पाईएको छ , प्रबेशिका (SEE/SLC) वा सो भन्दा धेरै पढेका महिलाहरुको विवाह गर्ने उमेर २० बर्ष रहेको देखिन्छ भने बिद्यालय नगएका महिलाहरुको विवाह गर्ने उमेर १७ बर्ष भएको देखिन्छ। त्यस्तै आर्थिक अबस्था सबल भएका भन्दा कमजोर भएका महिलाहरुका सालाखाला दुई बर्ष कम उमेरमै विवाह भएको पाईन्छ। देशका केहि बिशेष क्षेत्रहरुमा बाल विवाहको दर उच्च रहेको पाईएको छ। र मधेशी समुदायका साथै सीमान्तकृत समुहहरु जस्तै दलित ,जनजाति र मुस्लिम समुदायमा अन्य समुदायको तुलनामा यो दर उच्च रहेको छ। यसै गरि रणनितिक तर्जुमाको क्रममा अध्ययनबाट केहि समय यता उमेर नपुग्दै किशोर किशोरीहरु भागेर विवाह गर्ने र बिभिन्न हिंसामा पर्ने क्रममा बढोत्तरी भएको पाइएको छ।



मेयर

**बैतडी जिल्ला को वर्तमान अवस्था**

नेपाल अधिराज्यका सात वटा प्रदेश मध्येको सुदुरपश्चिम प्रदेशका नौ वटा जिल्लाहरुमा बैतडी जिल्ला एक पहाडी जिल्ला हो । मध्य पहाडी लोकमार्गका दुई वटा खण्डहरु (पूर्व र पश्चिम) मध्येको पश्चिम खण्डको अन्तिम विन्दुमा यो जिल्ला पर्दछ । पूर्वमा नेपाल भारत सीमाना पाँचथर भन्ज्याङबाट शुरु भएको लोक मार्ग २४ वटा पहाडी जिल्ला हुदै नेपाल भारत सीमानास्थित यसै जिल्लाको जुलाघाटमा पुगेर टुंगिएको छ । जिल्लाको पश्चिम क्षेत्रमा रहेको महाकाली नदीले मित्र राष्ट्र भारतको सिमाना छुट्टयाएको छ जुन सिमानामा भारतको उत्तराखण्ड पर्दछ । यस जिल्लाको उत्तर तिर दार्चुला जिल्ला, पुर्वमा बझाङ्ग र डोटी एवं दक्षिणमा डडेल्धुरा जिल्लाहरु पर्दछन् । बैतडी जिल्लाले नेपाल अधिराज्यको कुल क्षेत्रफलको ०.६८ प्रतिफल भुभाग ओगटेको छ । यसको कुल क्षेत्रफल १४५१.१३ वर्ग कि.मि. रहेको छ ।

४ वटा नगरपालिका र ६ वटा गाउँपालिका रहेको बैतडी जिल्ला २९.२२" डिग्री देखि २९.५७ उत्तरी अक्षांस र ८०.१५" देखि ८१.४५ डिग्री पुर्वी देशान्तरमा अवस्थित छ । यस जिल्लाको भुभाग समुद्र सतहबाट ३९० मिटर देखी २९५० मिटरको उचाई सम्म फैलिएको छ । जिल्लाको कुल क्षेत्रफल १४५१ वर्गा किलोमिटर रहेको छ जस मध्ये वन जंगल ६५१.१३ बर्ग किलोमिटर, झाडी ११०.९६ बर्ग किलोमिटर, चरन क्षेत्र २०४ बर्ग किलोमिटर, कृर्षि क्षेत्र ५३०.१७ बर्ग किलोमिटर रहेको छ ।

नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार बैतडी जिल्लाको जनसंख्या २४४४०० रहेको छ । यस मध्ये महिला ५२.७७ प्रतिशत र पुरुष ४७.२३ प्रतिशत रहेका छन् । कूल जनसंख्याको १२.८४ प्रतिशत (३१,३८१) जनसंख्या किशोर किशोरीहरुको रहेको छ भने युवाको जनसंख्या २४.७० प्रतिशत रहेको छ । कूल जनसंख्याको साक्षरता दर ६२.९ प्रतिशत रहेको छ । जसमध्ये पुरुष ७९.०१ प्रतिशत र महिला ४९.२२ प्रतिशत रहेको छन् । बाल बिवाहका सन्दर्भमा सुदुर पश्चिम प्रदेशमा ४८ प्रतिशत बालविवाह हुने गरेको र बैतडी जिल्ला बढि बाल बिवाह हुने जिल्लाहरु मध्ये ५ भित्र पर्दछ ।[8] बैतडी जिल्लामा ५९.५ प्रतिशत बालविवाह हुनेगरेको पाइएको छ । सहरी क्षेत्र भन्दा ग्रामिण भेगमा बालविवाहको दर बढि भएको देखिन्छ ।

**पाटन नगरपालिको संक्षिप्त परिचय**

पाटन नगरपालिकाको जम्मा जनसंख्या २८३६० रहेको छ, जसमध्ये महिला १४९४५ र पुरुष १३४१५ रहेका छन भने यस नगरपालिकामा ६२७६ घरधुरी रहेकाछन ।ढ बाल विवाह विश्वका विभिन्न देशमा नै सामाजिक समस्याका रुपमा रहेकोछ । हाम्रो देश नेपालमा पनि बाल विवाहको समस्या विद्यमान रहेको छ । बैतडी जिल्ला ६ वटा बढी बालविवाह हुने जिल्लामा पर्दछ । बैतडी जिल्ला तथ्याङ्क को हिसाबले विश्लेषण गर्ने हो भने ५९.५ प्रतिशत बाल विवाह रहेको छ भने जस्मा १२.५ प्रतिशत १२ वर्ष मूनी बाल विवाह हुने गरेको तथ्याङ्कले देखाउछ । १० ओटै स्वास्थ्य संस्थामा पहिलो पटक गर्भ जाचगर्ने आमाहरुमा २० वर्ष मूनीका ३९ जना र २० वर्ष माथीका ५२७ जना आमाहरु रहेको पाटन नगरपालिका स्वास्थ्य शाखा को मिति २०७८ श्रावण देखि ०७९ असार सम्म को तथ्याङ्कले देखाउंछ । उक्त तथ्याकंले लगभग ६.८९ प्रतिशत आमाहरु २० वर्ष मूनीका रहेको संकेतबाट बालविवाह जस्तो हानिकारक प्रचलन पाटन नगरपालिका भित्र पनि रहेको स्पष्ट हन्छ ।

यस नगरपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८ (प्रथम संशोधन, २०७९) र हानिकारक अभ्यास उन्मूलन नीति, २०७८ तयार गरी कार्यान्वयनमा ल्याइसकेको छ । यसका साथै नगरपालिकाले विभेदपूर्ण लिंग छनौट अन्त्यका लागि कार्ययोजना तयार गरेको छ । लैगिक हिंसा निवारण कोषको स्थापना गरी कोष संचालनका लागि कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको अवस्था रहेको छ ।

आ. ब. २०७९/०८० को पाटन नगरपालिकाको २० बर्ष मुनि गर्भपतन सेवा गर्नेहरुको संख्या ७ जना २० बर्ष माथीका १०५ रहेको छन् । जुन कुल सुरक्षित गर्भपतन गर्ने महिलाको संख्यामा २० वर्ष मूनीका ६.२५ प्रतिशत रहेको देखिन्छ ।

---

[8] नेपाल जनसांख्यीक तथा स्वास्थ्य सर्वेक्षण २०१६

[9] राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन



मेयर

## ५. रणनीतिको औचित्य

संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष पिसविनको सहयोगबाट पाटन नगरपालिकामा बाल बिवाह सम्बन्धि संचालित १ दिने अन्तक्रिर्या कार्यक्रम एवं परामर्श गोष्ठी र छलफलबाट आधारभुत सूचना तथा अनुभव संकलन, प्रस्तुतीकरण, अन्तरक्रिया, छलफल एवं सुझाव संकलन गरी सो को बिश्लेषण गरि यो रणनीतिक योजना निर्माण गरिएको छ ।

- बाल बिवाह अन्त्य सम्बन्धि राष्ट्रिय रणनीतिमा आधारित
- बाल विवाह अन्त्यका लागि बैतडी जिल्ला स्तरीय रणनीतिक योजना, २०७४
- पाटन नगरपालिकाको हानीकारक अभ्यास उन्मुलन नीति, २०७८
- पाटन नगरपालिका को लैंगिक समानता तथा सामाजिक समावेशिकरण नीति, २०७८, (प्रथम संशोधन, २०७९)
- नगरपालिकाको बाल बिवाहका अवस्थाको बिश्लेषण र समिक्षा
- नगरपालिका स्तरमा सरोकारवालाहरु संग परामर्श एवं छलफल
- नगर स्तरिय परामर्श गोष्ठी
- नगरपालिका स्तरमा बिभिन्न सरोकारवालासंग परामर्श र सुझाव संकलन
- नगरपालिका स्तरमा सरोकारवाला माझ रणनीतिक योजना सार्बजनिकिकरण
- नगर कार्यपालिकाबाट पारित

## ६. रणनीतिको सिद्धान्तहरु

देहाएका सिद्धान्तको आधारमा यो रणनीती तर्जुमा गरीएको छ ।

क) भेदभाव रहित

ख) बालबालिकाको सर्वोतम हित

ग) शुन्य सहनसिलता

घ) किशोरकिशोरीहरुको अर्थपुर्ण सहभागिता

ङ) पुरुष तथा बालबालिकाहरुको संलग्नता

च) पिडित प्रभावितहरुको संरक्षण

छ) न्यायमा पहुच एवं द्रुत न्याय

ज) साझेदारी र सहकार्य

झ) परिवर्तनको सिद्धन्त

## ७. रणनीति तर्जुमा प्रक्रिया

पाटन नगरपालिकाको बाल विवाह अन्त्यका लागि रणनीति निर्माण गर्न नगरपालिकाको निर्णय अनुसार सर्बप्रथम रणनीतिका लागि आवश्यक तथ्याकं संकलन र पालिकाले तयार पारेका कानूनी दस्तावेजहरुको संकलन र अध्ययन गरियो । पाटन नगरपालिकाले तयार गरी कार्यान्वयनमा रहेको हानिकारक अभ्यास उन्मुलनका लागि नीति २०७८ अनुसार बाल विवाह अन्त्यका लागि रणनीति तयार गर्ने, सो कालागि पूर्व तयारी कार्यशाला गोष्ठी आयोजना गरी रणनीतिको खाका प्रस्तुत एवं अनुमोदन गरियो । अनुमोदिन खाका अनुसार मस्यौदा तयार एवं अन्तिम रुप दिनका लागि उप प्रमुखको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन गरियो । मस्यौदा तयार गर्ने क्रममा मस्यौदामाथि छलफल एवं पृष्ठपोषणका लागि विभिन्न चरणमा कार्यदलका बैठकहरु आयोजना गरियो । कार्यपालिका, शाखा प्रमुख र सरोकारवालाहरुको संयुक्त बैठक आयोजना गरी कार्यदलले तयार गरेको मस्यौदालाई प्रस्तुत गरी पृष्ठपोषण सहित अन्तिमरुप दिई कार्यपालिकाबाट स्वीकृति प्रदान गरियो ।

मेयर

## ८. रणनीतिको दुरदृष्टि

"बाल विवाह मुक्त पाटन नगरपालिका"

## ९. रणनीतिको ध्येय

नगरपालिकाका सम्पुर्ण सरोकारवालाहरुको सहकार्यमा परिवार तथा समाजबाट बाल विवाह अन्त गरी बालबालिकाका लागि सुरक्षित बातावरण निमार्ण गर्ने ।

## १०. रणनीतिको लक्ष्य

आगामी ८ वर्ष भित्र (सन २०३०) सम्म नगरपालिका बाट बालविवाह अन्त्य गर्ने ।

## ११. रणनीतिका उद्देश्यहरु

- बाल विवाह र अन्य हानिकारक प्रचलनको अन्त्यका लागि कानुन निमार्ण गर्ने र वर्तमान अवस्था अनुसार ती कानुनहरुमा संशोधन एवं परिमार्जन गर्ने ।
- नगरपालिको आवधिक योजना, बार्षिक योजना तथा कार्यक्रहरुमा हानीकारक प्रचलन विरुद्धका कार्यक्रमहरु प्राथमिताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- हानिकारक प्रचलन बाल विवाहका विरुद्ध सरकारी, गैर सरकारी, निजि क्षेत्र र नागरीक समाज को सहभागिता सुनिश्चित गर्ने ।
- हानिकारक प्रचलन बालविवाह लाई प्रोत्साहित गर्ने प्रचलीत सामाजिक, साँस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिर्वतनका लागि नागरीक समाज, बालबालिका, किशोर- किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघ संगठन लगायत अन्य सम्बद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने ।
- समाजमा विद्यमान बाल विवाह अन्त्यका लागि संञ्चालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने ..
- नेपाल सरकार तथा बिकासका साझेदार संस्थाहरूको सहकार्यमा समाजमा विद्यमान बाल विवाह अन्त्य का लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गर्न संस्थागत क्षमता अभिबृद्धि गर्ने ।

## १२. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीतिहरु |
|---|---|
| १. पालिकाका सबै वडाहरुमा बाल विवाहको स्थिति अध्ययन र बिश्लेषण गरी तथ्याकं प्रणाली विकास र अद्यावधिक गर्ने । | १. सबै वडाहरुमा बालविवाह सम्बन्धि तथ्यांक संकलन र बिश्लेषण गरिनेछ ।<br>२. बालविवाहको तथ्याकं प्रणाली विकास र अद्यावधिक गर्न बालविवाह सम्बन्धि तथ्यांक संकलन र बिश्लेषण कार्यलाई निरन्तरता दिइनेछ ।<br>३. बालविवाह सम्बन्धि तथ्यांक संकलन र बिश्लेषण कार्यलाई निरन्तरता दिन महिला, बालबालिका शाखालाई जिम्मेवार बनाइने छ । |
| २. बाल विवाह अन्त्यका लागि शिक्षा विकास तथा समन्वय इकाई र सरोकारवालाहरुको सहकार्यमा पालिकाका विद्यालयमा किशोरकिशोरी मैत्री र लैगिंक | १. विद्यालयमा किशोरकिशोरी मैत्री सूचना केन्द्र स्थापना गरी सुदृढीकरण गरिनेछ । |



मेयर

| | |
|---|---|
| मैत्री वातावरण निर्माण गरी किशोरी लक्षित बिशेष प्राविधिक शिक्षा कार्यक्रम लागु गर्ने । | २. विद्यालयमा स्थापना गरिएका किशोरकिशोरी मैत्री सूचना केन्दलाई सक्रिय बनाउनका लागि बार्षिक कार्य योजना निर्माण गरिनेछ ।<br>३. संघीय, प्रदेश सरकार र अन्य सरोकारवालाहरुको समन्वय र सहकार्यमा किशोरी लक्षित बिशेष प्राविधिक शिक्षा कार्यक्रम लागु गरिनेछ । |
| ३. गैर सरकारी संस्थाहरुको सहयोगमा सबै वडाहरुमा बाल विवाहको जोखिममा रहेका विद्यालय बाहिरका किोरकिशोरीहरुलाई सचेतना र सीपको माध्यमबाट सशक्तीकरण गरी बालविवाह विरुद्ध परिचालन गर्ने । | १. विद्यालय बाहिर रहेका किशोरकिशोरीहरुको तथ्याकं संकलन गरिनेछ ।<br>२. तथ्याकंको आधारमा आवश्यकता अनुसार सीपमूलक तालीमहरु संचालन गरिनेछन ।<br>३. बालविवाह विरुद्धका सचेतना कार्यक्रम संचालन गरी विद्यालय बाहिर रहेका किशोरकिशोरीहरु शसक्त गरी विद्यालय पुःन भर्ना हुने वातावरण सृजना गरिने छ ।<br>४. किशोरकिशोरीहरुको समूह गठन गरी बालविवाह विरुद्धको अभियानमा परिचालन गरिनेछ । |
| ४. गैर सरकारी संस्थाहरुको सहयोगमा बालविवाह न्यूनीकरणका लागि आर्थिक सशक्तिकरण, पारिवारिक संरक्षण, अभिभावक सचेतना तथा मानवीय सम्बन्ध सुदृढीकरण कार्यक्रम संचालन गर्ने । | १. बाल विवाह अन्त्यका लागि सामाजिक तथा वित्तिय सीप सम्बन्धि रुपान्तरण प्याकेज संचालन गरिने छ ।<br>२. बाल विवाह अन्त्यका लागि अभिभावकहरुका लागि रुपान्तरण प्याकेज संचालन गरिनेछ ।<br>३. पारिवारिक र मानवीय सम्बन्ध सुदृढीकरण गर्नका लागि अन्तरपूस्ता सम्बाद, पारिवारिक सम्बाद कार्यक्रम संचालन गरिनेछ । |
| ५. बालविवाह तथा हानीकारक अभ्यासको अन्त्यका लागि बिशेष सचेतना कार्यक्रमहरु अभियानको रुपमा संचालन गर्ने । | १. बालविवाह, चाँडो हुने विवाह बिरुद्ध सामाजिक रुपान्तरणका लागि विभिन्न सचेतनामूलक तथा जागरणमूलक कृयाकलापलाई समुदायस्तरसम्म बिस्तार गरिनेछ ।<br>२. बाल विवाह मुक्त टोल, वडा र नगर घोषणा कार्यक्रम संचालन गरिनेछ ।<br>३. बाल विवाह अन्त्य अभियान संचालन गर्न पालिका भित्र Role Model हरु पहिचान गरी परिचालन गरिनेछ ।<br>४. बाल विवाह गर्ने घर परिवारलाई पालिकाबाट प्रदान गर्ने सेवा सुबिधाबाट बञ्चित गरिनेछ । |
| ६. बाल विवाह अन्त्यका लागि समुदायका अगुवा, शिक्षक, धार्मिक गुरु, धामी, झाक्री लगायत निजी क्षेत्रसंग समन्वय र सहकार्य गर्ने । | १. धार्मिक गुरु, धामी, झाक्री लगायत सामाजिक अभियन्ताहरु सक्रिय गरिनेछ ।<br>२. बाल विवाह अन्त्यका लागि समुदायका अगुवा, शिक्षक, धार्मिक गुरु, धामी झाक्रीका लागि अभिमुखिकरण र अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ । |

मेयर

| | |
|---|---|
| | ३. समुदायका अगुवा, शिक्षक, धार्मिक गुरु, धामी झाक्रीहरुलाई बाल विवाह अन्त्यका लागि परिचालन गरिनेछ । |
| ७. बाल विवाह अन्त्यका लागि पालिका अन्तरगत गठन गरिएका बाल क्लब, किशोरकिशोरी सञ्जाल तथा समूह, युवा सञ्जाल, आमा समूहलाई सशक्त र परिचालन गर्ने । | १. बाल विवाह अन्त्यका लागि सामाजिक तथा वित्तिय सीप सम्बन्धि रुपान्तरण प्याकेज संचालन गरिने छ ।<br>२. युवा सञ्जाल, आमा समूहलाई बाल विवाह अन्त्य सम्बन्धि अभिमुखिकरण र सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।<br>३. आमा समूहका नियमित बैठकहरुमा बाल विवाह अन्त्य सम्बन्धि छलफल र सूसुचित गरिनेछ ।<br>४. पालिका अन्तरगत गठन गरिएका बाल क्लब, किशोरकिशोरी सञ्जाल तथा समूह, युवा सञ्जाल, आमा समूहहरुलाई सक्रिय र सुदृढ गरी बाल विवाह अन्त्यको अभियानमा परिचालन गरिनेछ । |
| ८. जिल्ला र वडा प्रहरी कार्यालयको समन्वय र सहकार्यमा बाल विवाह विरुद्ध सूचना तथा निगरानी र रोकथामका लागि समुदायमा आधारित निगरानी प्रणाली निर्माण र सुदृढ बनाउने । | १. बाल विवाह विरुद्ध सूचना तथा निगरानी र रोकथामका लागि समुदायमा आधारित निगरानी समूह गठन एवं पुर्नगठन गरिनेछ ।<br>२. निगरानी समूहले छलफल संचालन गरी बाल विवाह सम्बन्धि घटनाको सूचना वडा कार्यालय तथा प्रहरी कार्यालयमा जानकारी गराउने ।<br>३. बाल विवाह सम्बन्धि घटनाहरु वडासंग समन्वय गरी रोकथामको प्रयार गरिनेछ ।<br>४. समुदायमा आधारित निगरानी प्रणाली निर्माण र सुदृढ बनाउन समुदाय, वडा कार्यालय, प्रहरी, जनप्रतिनिधिहरु बीच कार्यमूलक सम्बन्ध बिस्तार गरिनेछ । |
| ९. समुदायमा आधारित निगरानी प्रणालीलाई सुदृढीकरण गरी सो प्रणाली, मनेबिमर्शकर्ता र सामुदायिक मनोबिमर्श कार्यकर्ताहरु मार्फत समुदायमा पारिवारिक संबाद, परामर्श सेवालाई व्यापकता दिने । | १. पारिवारिक र मानवीय सम्बन्ध सुदृढीकरण गर्नका लागि अन्तरपूस्ता सम्बाद, पारिवारिक सम्बाद कार्यक्रम संचालन गरिनेछ ।<br>२. बाल विवाह अन्त्यका लागि मनेबिमर्शकर्ता र सामुदायिक मनोबिमर्श कार्यकर्ताहरु मार्फत समुदायमा पारिवारिक संबाद, परामर्श सेवा संचालन गरिनेछ । |
| १०. जिल्ला प्रहरी कार्यालय र सरोकारवालाहरुको समन्वयमा बाल विवाह बिरुद्धको उजुरी प्रकृयालाई सवलीकरण गर्ने । | १. बाल विवाहका घटनाहरुको उजुरी वडा कार्यालय मार्फत न्यायिक समिति र प्रहरीमा गरिनेछ ।<br>२. बाल विवाहका घटनाहरुको उजुरीको लागि पालिकामा हट लाइनको व्यवस्था गरिनेछ ।<br>३. हट लाइनबाट प्राप्त सूचना, उजुरीलाई पालिका मार्फत प्रहरीलाई परिचालन गरिनेछ । |
| ११. बाल विवाहबाट प्रभावित एवं बाल विवाहको जोखिममा रहेका किशोरकिशोरीहरुको संरक्षण गर्ने । | १. बाल विवाहको जोखिममा रहेका किशोरकिशोरीहरुका अभिभावकहरुलाई बाल विवाह सम्बन्धि सचेतना गरिनेछ । |



मेयर

| | |
|---|---|
| | २. बाल विवाहबाट प्रभावित किशोरकिशोरीहरुलाई आवश्यकता अनुसार सुरक्षित आवास गृहमा संरक्षण प्रदान गरिनेछ । |
| १२. बाल विवाहबाट प्रभावित एवं बाल विवाहको जोखिममा रहेका किशोरकिशोरीहरुको स्वास्थ्य उपचार तथा सामाजिक, आर्थिक सशक्तीकरण गर्ने । | १. बाल विवाहबाट प्रभावित एवं बाल विवाहको जोखिममा रहेका किशोरकिशोरीहरु मनोसामाजिक परामर्श र स्वास्थ्य उपचार प्रदान गरिनेछ ।<br>२. बाल विवाहबाट प्रभावित एवं बाल विवाहको जोखिममा रहेका किशोरकिशोरीहरुलाई सीपमूलक तालीम प्रदान गरी उनीहरुका लागि रोजगारी सृजना गरिनेछ ।<br>३. बाल विवाहबाट प्रभावित एवं बाल विवाहको जोखिममा रहेका किशोरकिशोरीहरुको संरक्षण, सीपमूलक तालीम र व्यवसाय संचालन सहयोगका लागि छुट्टै अक्षय कोषको व्यवस्था गरिनेछ । |
| १३. गैर सरकारी संस्था र सरोकारवालाको सहकार्य, साझेदारीता र क्षमता विकास गर्ने | १. पालिकाको बार्षिक कार्यक्रम संचालनका लागि दातृ निकाय, स्थानीय गैर सरकारी संस्था र सरोकारवालाहरुको सहकार्य र साझेदारीका लागि एकद्वार प्रणालीमा आवद्ध गरिनेछ ।<br>२. बाल विवाह सम्बन्धि संचालित कार्यक्रमको आवधिक र बार्षिक समिक्षा आयेजना गरी कार्यक्रमलाई थप पृष्ठपोषण गरी प्रभावकारी बनाइनेछ । |
| १४. बाल विवाह अन्त्य गर्ने अभियानलाई प्रभावकारी बनाउन अनुगमन तथा मूल्याकंन प्रणलीलाई संस्थागत गर्ने । | १. संचालित कार्यक्रमको आवधिक र बार्षिक प्रतिवेदन तयार गरी सरोकारवालाहरुबीच प्रस्तुत गरी सार्वजनीक गरिनेछ ।<br>२. बाल विवाहका घटना, बाल विवाह बिरुद्ध संचालित कार्यक्रमको अनुगमनका लागि पालिकामा गठित अनुगमन संयन्त्रलाई जिम्मेवार बनाइनेछ ।<br>३. बाल विवाहका घटना, बाल विवाह बिरुद्ध समुदायमा संचालित कार्यक्रमहरुको वडास्तरमा समिक्षा, अनुगमन मूल्याकंन गरिनेछ । |

**१३. रणनीतिका अपेक्षित उपलब्धिहरु**

बाल विवाह अन्त्यका लागि रणनीति का अपेक्षित उपलब्धिहरु देहाए बमोजिम हुनेछन् ।

- बाल विवाह सम्वन्धि खण्डीकृत तथ्याकं संकलन भई दस्तावेज तयार भएको हुनेछ ।
- नगरपालिका, वडा कार्यालय, अन्य विषयगत कार्यालय बीच सहकार्य, समन्वय भई लक्षित वर्गका लागि कार्यक्रम लागु भएको हुनेछ ।
- अभियान मुलक कार्यक्रम सञ्चालन भएका हुनेछन् ।
- बाल विवाह सम्बधि घटनाको उजुरी गर्ने क्षमताको विकास भएको हुनेछ ।
- बाल विवाह विरुद्ध सहकार्य, समन्वय एवं प्रभाव बढेको हुनेछ ।
- नीति एवं कानुन निमार्ण भएको हुनेछ ।



मेयर

- अनुगमन मुल्याकंन प्रणाली संस्थागत भएको हुनेछ ।

## १४. अनुगमन र मूल्यांकलन

बाल विवाह अन्त्यका लागि नगरपालिका ले रणनीतिको अनुगमन र मूल्याकन का लागि देहाए बमोजिमको व्यवस्था गर्ने छ ।

- नगरपालिकाले स्वीकृत रणनीति अनुसार संञ्चालन गरीने क्रियाकलापहरुको अनुगमन तथा मूल्याकंन गर्नेछ ।
- नतिजामा आधारीत मूल्याकन प्रणाली अनुसार ढाचां तयार गरी ावश्यक जन शक्तिको व्यवस्था गरी अनुगमन गर्ने ।
- बाल विवाह तथा लैंगिक हिंसा सम्बन्धि खण्डीकृत तथ्यांक संकलन गरी प्रभावकारी लैंगिक उत्तरदायि अनुगमन तथा मूल्याकन सयन्त्रको स्थापना गर्ने ।
- अनुगन मूल्याकन का लागि चेक लिष्ट तयार गरी सोहि अनुसार प्रतिवेदन तयार गरी पेश गर्ने ।
- अनुगमन तथा मूल्याकन का लागि वडा कार्यालयको समन्वय एवं जवाफदेहिता रहनेगरी निर्देशिका तयार गर्ने र साझेदार निकायलाई सूसुचीत गर्ने ।
- रणनीति कार्यान्वयनको मूल्याकन का लागि विज्ञ बाट मध्यावधि एवं अन्तिम मूल्याकलन गर्ने र प्राप्त सुझावका आधारमा आवश्यक सुधार गर्ने ।
- बार्षिक प्रतिवेदन तयार गर्ने एवं प्रकाशित गर्ने ।

## १५. संस्थागत संरचना

**जिल्ला स्तर**

जिल्ला समन्वय समिति र जिल्ला बाल अधिकार समितिको समग्र निर्देशन र सुपरिवेक्षण समिति
सामाजिक विकास कार्यालयको संयोजकत्वमा रणनीति कार्यान्वयन स्थितिबारे अनुगमन तथा प्रतिवेदन
जिल्लाका सरोकारवाला निकाय तथा गैरसरकारी संस्थाहरुको सम्पर्क र क्षमता विकास

**पालिका स्तर**

स्थानीय बाल अधिकार समितिको समग्र निर्देशन र सुपरिवेक्षण
उप प्रमुखको संयोजकत्वमा अनुगमन तथा मूल्याकंन कार्यदल
सामाजिक विकास महाशाखाका प्रमुखको संयोजकत्वमा रणनीति कार्यान्वयन कार्यदल

**वडा स्तर**

वडा अध्यक्षको अध्यक्षतामा वडा स्तरीय बाल विवाह अन्त्य तथा लैगिंक हिंसा निवारण समिति
महिला वडा सदस्यको संयोजकत्वमा वडा स्तरीय अनुगमन तथा परामर्श कार्यदल

**समुदाय स्तर**

किशोरकिशोरी सञ्जाल र समूह
महिला निगरानी समूह
आमा समूह
बाल क्लब र सञ्जाल
दौतरी शिक्षक
युवा सञ्जाल
धार्मिक र सामाजिक अगुवा
अभिभावक समूह
विद्यालय परिवार, व्यवस्थापन समिति
स्वास्थ्य संस्था र महिला स्वास्थ्य स्वयं सेविका



मेयर

... गाउँपालिका ... पालिकाको कार्यालय ...

**१६. रणनीति कार्यान्वयनका लागि सरोकारवालाहरुको भूमिका**

| निकाय | भूमिका |
|---|---|
| वडा कार्यालय | ✓ समुदायमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।<br>✓ कार्यक्रम संचालनमा सहयोग गर्ने ।<br>✓ स्थानीयस्तरमा कार्यक्रमको अनुगमन गर्ने । |
| प्रहरी कार्यालय | ✓ समुदायमा संचालित कार्यक्रममा सहभागीता जनाउने ।<br>✓ बाल विवाह बिरुद्धको कानून पालना गर्न लगाउने ।<br>✓ बाल विवाह बिरुद्ध परेका उजुरी माथि कानून बमोजिम कारवाही गर्ने । |
| सामाजिक विकास कार्यालय | ✓ बाल विवाह सम्बन्धि कृयाकलापहरु पालिकाको सहकार्यमा संचालन गर्ने ।<br>✓ पालिकालाई आवश्यकता अनुसार नीति निर्माण र कार्यान्वयनमा सहयोग प्रदान गर्ने ।<br>✓ पालिकामा बाल विवाह अन्त्यका लागि कोष स्थापना एवं कार्यान्वयन गर्न सहयोग गर्ने । |
| शिक्षा विकास तथा समन्वय इकाई | ✓ किशोरकिशोरी मैत्री सूचना केन्द्र स्थापना र सुदृढ गर्न सहयोग गर्ने ।<br>✓ किशोरकिशोरी मैत्री सूचना केन्द्रको अनुगमन गर्ने ।<br>✓ पालिकामा रहेको शिक्षा शाखालाई बाल विवाह बिरुद्ध कार्यक्रम तर्जुमा, कार्यान्वयनका लागि सहजीकरण र निर्देशन गर्ने । |
| सुरक्षित आवास गृह | ✓ बाल विवाहबाट प्रभावित किशोरीहरुलाई संरक्षण प्रदान गर्ने ।<br>✓ बाल विवाहबाट प्रभावित किशोरीहरुलाई मनोसामाजिक बिमर्श प्रदान गर्ने । |
| एकद्वार संकट व्यवस्थापन केन्द्र | ✓ बाल विवाहबाट प्रभावित किशोरीहरुलाई संरक्षण प्रदान गर्ने ।<br>✓ बाल विवाहबाट प्रभावित किशोरीहरुलाई मनोसामाजिक बिमर्श प्रदान गर्ने ।<br>✓ बाल विवाहबाट प्रभावित किशोरीहरुको स्वास्थ्य उपचारका लागि अस्पतालमा प्रेषण र सहजीकरण गर्ने । |
| अस्पताल | ✓ बाल विवाहबाट प्रभावित किशोरीहरुलाई स्वास्थ्य उपचार प्रदान गर्ने ।<br>✓ जटील स्वास्थ्य समस्या भएका प्रभावित किशोरीहरुलाई बिशिष्टीकृत सेवाको लागि प्रेषण गर्ने । |
| स्वास्थ्य चौकी | ✓ बाल विवाहबाट प्रभावित किशोरीहरुलाई प्राथमिक स्वास्थ्य उपचार प्रदान गर्ने ।<br>✓ प्रभावित किशोरीहरुलाई थप स्वास्थ्य उपचारका लागि अस्पतालमा प्रेषण गर्ने । |
| प्रदेश सरकार | ✓ "सानै छु बढ्न देउ, बाल विवाह हैन पढ्न देउ" नीति पालिकामा लागु गर्न कार्यक्रम उपलब्ध गराउने ।<br>✓ संचालित कार्यक्रमहरुको अनुगमन गर्ने । |
| संघीय सरकार | ✓ बाल विवाह बिरुद्ध कार्यक्रम संचालन गर्न पालिकालाई कार्यक्रम उपलब्ध गराउने । |



मेयर

| | |
|---|---|
| | ✓ संचालित कार्यक्रमहरुको अनुगमन गर्ने । |
| विकास साझेदार | ✓ कार्यक्रम संचालनमा आवश्यक सहयोग र सहकार्य गर्ने ।<br>✓ पालिकाको नीति निर्माण र कार्यान्वयनमा सहयोग गर्ने ।<br>✓ संचालित कार्यक्रमको प्रतिवेदन पालिकामा पेश गर्ने ।<br>✓ संचालित कार्यक्रमहरुको अनुगमन गर्ने । |

**१७. समन्वय र सहकार्य**

बालविवाह अन्त्यका लागि नगरपालिकाले संघिय सरकार, सुदुरपश्चिम प्रदेश सरकार, अन्य पालिका, वडा कार्यालय, विकास साझेदार, सुरक्षा निकायहरु, अस्पताल, विद्यालय, स्थानिय स्वास्थ्य चौकी, स्थानिय गैर सरकारी संस्था, निजिक्षेत्र, समुदाय संग अर्थ पूर्ण रुपमा आवश्यकता अनुसार समन्वय र सहकार्य गरी यस रणनीतिको प्रभावकारी कार्यान्वय गर्न नगरपालिकाले आफ्नो पूर्ण जिम्मेवारी निर्वाह गर्नेछ ।

पाटन नगरपालिका बालविवाह अन्त्यका लागि रणनीति, २०७९, निमार्ण कार्यदल को नामावली :

| | | | |
|---|---|---|---|
| १. | श्री कमल सिह बोहरा(अपीं) | संयोजक, | नगर उपप्रमुख, पाटन नगरपालिका,बैतडी । |
| २. | श्री राजेन्द्र सिह विष्ट | सदस्य | संयोजक, सामाजिक विकास समिति पाटन,बैतडी । |
| ३. | श्री खगेन्द्र भटट् | सदस्य | UNFPA, पाटन नपा, बैतडी । |
| ४. | श्री कृष्ण दत्त भटट् | सदस्य | पिसविन, पानपा, बैतडी । |
| ५. | श्री ललीत कुमार पाण्डेय | सदस्य | शिक्षा शाखा, पानपा, बैतडी । |
| ६. | श्री मदन सिह महरा | सदस्य | स्वास्थ्य शाखा, पानपा, बैतडी । |
| ७. | श्री विसना भण्डारी | सदस्य सचिव | महिला बाल बालिका तथा जेष्ठ नागरिक शाखा, पानपा |